मिति २०७५ आाषाढ २२ गते बसेको दोस्रो नगर सभाका बैठकको निर्णयहरु :

आज बसेको नगर सभाबाट निम्न प्रस्ताव पारित गर्दै सभाध्यक्षबाट मिति २०७५।०३।१० गतेबाट शुरु भएको दोस्रो नगर सभा अन्त्य भएको घोषणा गर्नु भयो ।

१. स्थानीय सरकार संचालन ऐनको दफा २२ बमोजिम प्रदेश सरकारबाट पारित गाउँसभा र नगरसभा संचालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३६ बमोजिम निम्न अनुसारको समितिहरु गठन गर्ने ।

**अर्थ तथा सार्वजनिक लेखा समिति**

१. प्रकाश कटवाल - संयोजक
२. शिव कुमार बानिया - सदस्य
३. अनिता मग्राती - सदस्य

**विधायन समिति**

१. पुष्प बहादुर कटवाल - संयोजक
२. हर्क बहादुर घिमिरे - सदस्य
३. सिता तामाङ - सदस्य

**सामाजिक समिति**

१. गायात्रा खत्री - संयोजक
२. नारायण बस्नेत - सदस्य
३. रजनी परियार - सदस्य

**सुशासन तथा स्थानीय सेवा समिति**

१. भीम वहादुर थापा - संयोजक
२. निमतेम्वा शेर्पा - सदस्य
३. जुना विश्वकर्मा - सदस्य

**कृषि, पर्यटन तथा प्राकृतिक श्रोत समिति**

१. प्रेम बहादुर मगर - संयोजक
२. सन्त बहादुर मगर - सदस्य
३. ज्ञानु माया राई - सदस्य

२. प्रदेश नं. १ बाट पारित गाउँसभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिम नगरपालिकाको लागि कुन कुन विषयका कानूनको मस्यौदा गर्नु पर्ने हो एकीन गरी विधेयकको मस्यौदा एकीन गर्न निम्न अनुसार **विधेयक मस्यौदा समिति** गठन गर्ने ।

१. खोटनाथ चौलागाई - संयोजक
२. गुण बहादुर खड्का - सदस्य
३. तारा बहादुर मगर - सदस्य

३. यस आ.व. ०७४।०७५ मा निम्न अनुसारको ब.उ.शी.नं. हरुका कार्यक्रममा समावेस नभएको वजेट खर्च भएकोले उक्त खर्च भएको कार्यक्रम वजेट यस दोस्रो नगर सभाबाट अनुमोदन गरियो ।

स्वास्थ्य कार्यालयको चालु खर्चतर्फ :

- शहरी स्वास्थयलाई बार्षिक वजेट रु.८,५०,०००।- (अक्षेरुपी आठ लाख पचास हजार) खर्च रु.११,५२,१७०।-(अक्षेरुपी एघार लाख बाउन्न हजार एक सय सत्तरी) मध्ये बढी खर्च रु.३,०२,१७०।-(अक्षेरुपी तीन लाख दुई हजार एक सय सत्तरी) ।

नगरपालिकाको आन्तरिक श्रोतको चालु खर्चतर्फ :

- पदाधिकारीहरुको चाँडपर्व खर्च रु.१,३८,०००।-
- विविध चाडपर्व र पुजा खर्च रु.७०,०००।-
- मर्मत (व्याकहोई लोडर रु.७५,५७१।-
- अन्य भत्ता (नगरपालिकाको वार्षिक पुस्तिका प्रकाशन तयारी अतिरिक्त भत्ता) रु.७०,५००।–
- खेलकुद तेकान्दो खेल बर्णालु रु.१०,०००।–
- नगरपालिकाको संचालन चालु अनुदानतर्फ एस.डि.सि.बाट प्राप्त भएको हाईलक्स गाडी ३६१८ र रोलर एकको समेत राजश्व शुल्क रकम रु.१५,००,०००।- र सोही साधनहरुको मर्मत संभार रु.३,००,०००।- समेत जम्मा रु.१८,००,०००।-
- सिद्धिचरण नगरपालिका वार्ड नं.८ सल्लेरी लगलगेमा संचालित भलिवल प्रतियोगितको लागि अनुदान रकम रु.१ लाख र चैनपुर मेयर कप फुटवल प्रतियोगिताको लागि रु.१०,०००।-, जन्तरखानी युवा क्लब भलिबल प्रतियोगिताको लागि रु.१०,०००।-

नगरपालिकाको पूँजीगततर्फ :

- सि.न.पा.४ रुम्जाटारमा निर्माणाधिन गुम्बा निर्माणको लागि रु.३,००,०००।-, सि.न.पा.१ नाल्सुमा पेल्ट्रीक सेट निर्माण रु.४०,०००।-, सि.न.पा.११ भुजेल भाषाको लागि रु.५०,०००।- र कर्कलादेवि माध्यमिक विद्यालय नाल्सु तलुवाको शिक्षक तलब भत्ता रु.४०,०००।-
- सिद्धिचरण नगरपालिका वडा नं ६ जन्तरखानी आरुबोट हुँदै पात्ले, खिजीफलाटे जाने सडकको सिगाने आरुबोट खण्डको सडक निर्माण रु.२,००,०००।-
- वर्णालुको ढुंग्रे डाँडाखर्क र सपनावती मन्दिर खण्ड जाने सडक स्तरोन्नती रु.१,९,००००।-
- सल्लेरीको वर्थिङ्ग सेन्टर जाने सडकको मर्मत/स्तरोन्नती रु.३०,०००।-

४. २०७५।०२।२८ मा बसेको नगर कार्यपालिकाको बैठकबाट वडा कार्यालयले कार्यक्रम संशोधन गरी योजना संचालन गर्ने भन्ने निर्णय भएअनुसार वडा कार्यालयबाट कार्यक्रम संशोधन गरी निम्न अनुसार काम सम्पन्न भएकोले सो को समर्थन गर्ने ।

| सि.नं. | मौजुदा कार्यक्रम | परिवर्तन गरी यसै आ.व. मा सम्पन्न गरिने र सम्पन्न भएका कार्यक्रमहरु | रकम रू. |
|---|---|---|---|
| १ | वडा कार्यलय व्यवस्थापनको सि.न.पा. ७ | सुर्के सडकमा परिवर्तन सि.न.पा. ७ | २,१५,०००।- |
| २ | उत्तिसे खानेपानी योजना सि.न.पा. ५ | साविक वर्णालु-५ यामगाउँ खानेपानी योजना, सि.न.पा. ५ | १,३०,०००।- |

| | | | |
|---|---|---|---|
| ३ | बानियाछाप लगलगे मोटरवाटो सि.न.पा. २ | छरछरे चुहानछाप मोटरवाटो सि.न.पा. २ | ५,००,०००।- |
| ४ | विद्युतीकरण सि.न.पा. २ | कामीगाउँ पम्पिङ्ग खानेपानी सि.न.पा. २ | ४,००,०००।- |
| ५ | दलित जातिका लागि सीपमूलम कार्यक्रम सि.न.पा. २ | आङ्गे गहते सार्कीगाउँ भिमसेन मन्दिर निर्माण सि.न.पा. २ | १,५०,०००।- |
| ६ | खानेपानी व्यवस्थापन सि.न.पा. १२ | गडेउले खानेपानी र खोलाघर खानेपानी सि.न.पा. १२ | ५,००,०००।- |
| ७ | गिरीटोल खानेपानी र साल्मेखोरिया माथिको बाटो सोलिङ्ग सि.न.पा. १२ | सिमलडाँडा गोगने र जि.स.स. माथिको बाटोमा चोकर लगाउने योजना सि.न.पा. १२ | १,२०,०००।- |
| ८ | हुलाक डाँडा देखि गणेश मन्दिर सम्मको ढल र पहिरो माथिको सडक सि.न.पा. १२ | भैरबथान देखि १ नं. गेटसम्म बाटोको स्तरोन्नती सि.न.पा. १२ | ४,६०,०००।- |
| ९ | आमा समूहको भवन निर्माण सि.न.पा. ११ | आमा समूहको भवनमा जाने मोटरबाटो निर्माण सि.न.पा. ११ | २०००००।- |
| १० | विद्युत पोल खरिद ढुवानी र सौर्य सडक बत्ति सि.न.पा. ११ | विद्युत पोल ढुवानी तथा जडान खर्च सि.न.पा. ११ | १०००००।- |
| | | सडकमा तार जाली तथा सिढी निर्माण गरीगाउँ सि.न.पा. ११ | ३०००००।- |
| | | खेलकूद कार्यक्रम संचालन सि.न.पा. ११ | १०००००।- |
| ११ | गिरीटोल खानेपानी/कालिका ऋण तथा सहकारी भवन सि.न.पा. १२ | मिसन अस्पताल र सिमल डाँडा गोगने सडकमा चोकर लगाउने सि.न.पा. १२ | १,२०,०००।- |
| १२ | हुलाक डाँडा देखि गणेशस्थान हुँदै जोरधारा सम्मको सडक र वडा नं. १२ को पहिरो माथिको सडक निर्माण सि.न.पा. १२ | हाट लाग्ने देखि बाबुकाजीको घरसम्मको बाटो ढलान सि.न.पा. १२ | ४,६०,०००।- |

५. एकीकृत सम्पत्ति कर कार्यान्वय तथा कार्यालय व्यवस्थापनको लागि खर्च भएको कार्यक्रम खर्च रु.१४,००,०००।- (अक्षेरुपी चौध लाख) यस नगर सभाले अनुमोदन गरी पारित गरियो ।

६. भौतिक पूर्वाधार व्यवस्थापन अन्तर्गत निर्माण कार्यको समावेश भएको जम्मा कार्यक्रम खर्च रु.१७,९९,५१९।- (अक्षेरुपी सत्र लाख उनान्सय हजार पाँच सय उन्नाईस) लाई यस सभाले अनुमोदन गरी पारित गरियो ।

(क) एकीकृत सम्पत्ति कर हल निर्माण रु.४,१५,३२७।-

(ख) १२ नं. कार्यालय अगाडि सोलिङ्ग ढलान र थप कोठा निर्माण रु.४,४४,५१५।-

(ग) कार्यालय परिसरको भवनभित्र थप ४ कोठा निर्माण रु.५,००,०००।-

(घ) हटियाको वाल निर्माण रु.१,२५,०००।-

(ङ) पुरानो विद्यालय मर्मत र हल व्यवस्थापन रु.२,४९,६७७।-

(च) स्टोर कोठा व्यवस्थापन र पेटी मर्मत रु.६५,०००।-

७. नगरपालिकाको आ.व. ०७४।०७५ को पूँजीगत कार्यक्रमतर्फ कार्यालय र वडा कार्यालयहरुलाई Laptop, Desktop र स्वास्थ्य शाखाको Laptop खरिद समेतको मेशिनरी उपकरणको खर्च रु.११,०६,८४६।- लाई अनुमोदन गर्ने ।

८. सिद्धिचरण नगरपालिका वडा नं. ८ दलित सामुदायिक भवन सल्लेरीको सिलिङ, झ्याल ढोकाको खापा बनाएको खर्च रु. ७६,०००।- यस सभाबाट अनुमोदन गर्ने ।

९. कार्यालय व्यवस्थापन र उपमेयरज्यूको कार्य कक्ष व्यवस्थापन, हल तथा स्टेज लगायत वडा कार्यालय समेतको फर्निचर व्यवस्थापन तर्फ रु.१०,२०,३८०।- लाई अनुमोदन गर्ने ।

१०. खोला खेत सिंचाई आयोजना, सेराबेशी पोखरी सिंचाई आयोजना, चतुरे सिंचाई आयोजना, माझकूलो माथिल्लो चिउरीबोटे सिंचाई आयोजनाको कार्य यस आ.व. ०७४।०७५ मा सम्पन्न नहुने देखिएकोले आ.व. ०७५।०७६ को लागि निरन्तरता दिने र निम्न अनुसारको नयाँ सिंचाई आयोजना कार्यान्वयका लागि साना सिंचाई आयोजनाको कार्यालयमा माग गर्ने ।

क) खग्रेटो राणेश्वरा सिंचाई आयोजना, ठोट्ने खोला मुहान वडा नं. ४ ।

ख) चार्खु सेराकूलो सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ४ ।

ग) सुविडाँडा पिप्ले कूलो सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ४ ।

घ) जैरुटु खेत सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. २, ठूलाछाप ।

ङ) भुलभुले हर्राबोट कुलो तथा पोखरी आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. २, ठूलाछाप ।

च) लिपेखोला मुहानगरी मसार हुँदै बसेरी विरौटा खेत सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ९ ।

छ) मानेखेत सिंचाई योजना, सिद्धिचरण नगरपालिका वडा नं. ५, वर्णालु ।

ज) सुर्खे सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ७, विगुटार ।

झ) ढाडखोला मुहानगरी डाँडागाउँ ठूलीबेशि सिंचाई आयोजना सिद्धिचरण नगरपालिका वडा नं. ८ ।

ञ) च्यानडाँडा कोलचौर सिंचाई कूलो योजना सिद्धिचरण नगरपालिका वडा नं. १० ।

ट) बृहत सिंचाई योजना साविक तलुवा ९, सिद्धिचरण नगरपालिका वडा नं. १ ।

११. प्रदेश नं. १ बाट गाउँ तथा नगर सभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (प्रमाणीकरण मिति २०७५।०२।१३) बमोजिम यस नगरपालिकाका निर्वाचित पदाधिकारी/सदस्यहरुलाई नगर कार्यपालिकाको कार्यालयबाट उक्त ऐनमा भएको व्यवस्था अनुसार सेवा सुविधा उपलब्ध गराउने ।

१२. गाउँसभा र नगरसभाको संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को परिच्छेद ३ को दफा १७ बमोजिम अध्यक्षको सहयोगको लागि निम्न अनुसार समिति गठन गर्ने ।

१. नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठ : अध्यक्ष

२. नगर उपप्रमुख श्री इच्छा कुमारी गुरुङ : उपाध्यक्ष

३. वडा अध्यक्ष श्री केदारबाबु बस्नेत : सदस्य

४. वडा अध्यक्ष श्री दमोदर धमला : सदस्य

५. वडा अध्यक्ष श्री दान बहादुर बानिया : सदस्य
६. वडा अध्यक्ष श्री मदन बहादुर मगर : सदस्य
७. वडा अध्यक्ष श्री रत्न कुमार गुरुङ : सदस्य

१३ यस नगरपालिकामा कार्यरत करारका कर्मचारीलाई नियम अनुसार पाउने स्थानीय भत्ता एवं पोशाक भत्ता उपलब्ध गराउने ।

१४. जिल्ला समन्वय समितिको कार्यालय ओखलढुंगाबाट तलब भत्ता लगायतका सुविधा लिने गरी यस नगरपालिकामा काजमा कार्यरत तथा यस नगरपालिकाको दरबन्दी भित्र समायोजन भई आउने अन्य कर्मचारीहरुलाई जिल्ला समन्वय समितिको कार्यालयबाट मिति २०७५।०४।०१ देखि तलब भत्ता लगायतका सुविधामा निरन्तरता नभएको खण्डमा त्यस्ता कर्मचारीहरुको सेवा निरन्तरता, दिने वा नदिने, करार नियुक्ति वा अन्य आवश्यक व्यवस्था मिलाई आवश्यक कर्मचारी व्यवस्थापन गर्न नगर कार्यपालिकाका लाई अधिकार दिने ।

१५. यस नगरपालिकाको कामको बोझको आधारमा कार्यालयको दैनिक कामकाज Software मार्फत हुनु पर्ने साथै कार्यालयमा संचालन हुने विभिन्न Software Website, MIS System, SMS System, Computer Networking, Hardware, Software Maintenance लगायतका सूचना प्रविधि सम्बन्धी कामकाज गर्न कम्प्युटर अपरेटर आवश्यकता हुने भएकोले आगामी आर्थिक वर्ष २०७५।०७६ देखि उक्त पदलाई निरन्तरता दिने ।

१६. ओखलढुंगा बजारको खानेपानी समस्या समाधान गर्न खानेपानी आयोजना सहलगानीमा संचालन गर्ने गरी यस नगरपालिका, सगरमाथा मा.वि., सामुदायिक अस्पताल सोब्रु, लाली गुराँस इङ्गलिस स्कुलबाट रु.१०,००,०००।- (अक्षेरुपी दश लाख) का दरले जम्मा ४०,००,०००।-(अक्षेरुपी चालिस लाख) खानेपानी उपभोक्ता समितिलाई उपलब्ध गराएको रकम हाललाई नगर कार्यपालिकाको निर्णय अनुसार हुने गरी अनुमोदन गर्ने ।

माथि उल्लेखित शीर्षक बाहेक प्रथम नगर सभाबाट विनियोजित नभएको शीर्षकमा विनियोजित भएको शीर्षकबाट विभिन्न कार्यक्रममा भएको खर्च समर्थन गर्ने ।

१७. उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाले यस नगरपालिकाको वडा नं. ११ स्थित ६ रोपनी जग्गा सशुल्क वा निशुल्क उपलब्ध गराई दिने भनि लेखेको पत्र यस नगरपालिकामा प्राप्त भई सो सन्दर्भमा यस नगर कार्यपालिकाको मिति २०७५।०१।२८ को बैठकबाट न्यूनतम मूल्यमा सशूल्क उक्त जग्गा उपलब्ध गराई दिने भनि निर्णय भई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगालाई निर्णयको प्रतिलिपि संलग्न राखी पठाएको पत्रलाई दोस्रो नगर सभाले अनुमोदन गर्‍यो साथै उक्त जग्गा न्यूनतम सशुल्क दिने सम्बन्धमा स्थानीय सरकार संचालन ऐनको दफा ९७ को (३) अनुसार नेपाल सरकारबाट स्वीकृतिका लागि आवश्यक प्रकृया अगाडि बढाई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौं मार्फत अनुरोध गरी पठाउने र नेपाल सरकारबाट स्वीकृत भई आएपछि यस नगरपालिकाको स्वामित्वमा रहेको उपरोक्त जग्गा उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगालाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१८. यस नगरपालिकाका जनप्रतिनिधिहरुलाई निश्चित पोशाकमा औपचारिक कार्यक्रममा उपस्थित हुन उत्प्रेरित गर्ने उद्देश्यले हाललाई एक पटकको लागि पोशाक उपलब्ध गराउन प्रति व्यक्ति बढीमा रु. दश हजार बराबरको पोशाक उपलब्ध गराउने ।

१९. नगरपालिका भित्र रहेका माध्यमिक विद्यालय, निम्न माध्यमिक र प्राथमिक विद्यालय तहका शिक्षकहरुको मासिक तलब भुक्तानी बैंक मार्फत शिक्षकहरुको खातामा उपलब्ध गराउने गरी प्रकृया अगाडि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२०. उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाले यस नगरपालिकाको वडा नं. ११ स्थित छ रोपनी जग्गा सशुल्क वा निशुल्क उपलब्ध गराई दिने सम्बन्धमा लेखेको पत्र यस नगरपालिका लाई प्राप्त भई मिति २०७५।०१।२८ गते बसेको नगर कार्यपालिकाको बैठकमा पेस भई व्यापक छलफल पछि न्यूनतम मूल्यमा सशुल्क दिने भनि निर्णय गरेको सन्दर्भमा सामाजिक संजाल फेसबुकमा रुम्जाटार मञ्चको नामबाट नगर प्रमुख मोहन कुमार श्रेष्ठलाई सार्वजनिक चल अचल सम्पत्ति आफ्नो स्वार्थ अनुकूल हक हस्तान्तरण र विक्री वितरण गर्न छुट छैन, जग्गा दाताहरु थकु कुमारी राजभण्डारी र हरि कुमारी राजभण्डारीले नगरपालिकाको भवन निर्माणका लागि दिइएको जग्गा दाताको इच्छा विपरित विक्री तथा हस्तान्तरण गर्नु प्राकृतिक न्यायको सिद्धान्त विपरित कार्य भएकोले यस्ता जनभावना विपरित काम गर्ने भ्रष्टचारी विरुद्ध एकजुट हौं, जनताको कठघरामा उभ्याई भ्रष्टचारी मेयरलाई जेल पठाउ भन्ने व्यहोराको स्टाटस्को सन्दर्भमा नगर सभाको गम्भिररुपमा ध्यान आकृष्ट भएको छ । यसरी भ्रम सृजना गरी नगर प्रमुखको व्यक्तित्व र चरित्र हत्या गर्ने र मानमर्दनमा आँच आउने किसिमले आफ्नो स्वार्थ पूर्तिको लागि भ्रम सृजना गर्न उद्धत रुम्जाटार मञ्चधारी फेसबुक संचालकको झुटो समाचारको घोरभत्सर्ना गर्दै यसरी भ्रम सृजना गरी फेसबुक प्रेमी पाठकहरुलाई अन्यौल्ता सृजना भएकोमा अन्यौल्मा नपर्नको लागि हार्दिक अपिल गर्दछ भनि प्रस्तुत भएको प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

२१. सिद्धिचरण नगरपालिकाको कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा नेपाल सरकारबाट स्थानीय तह पुनर्संरचना हुँदा सिद्धिचरण नगरपालिकाको केन्द्र साविक नगरपालिकाको कार्यालय भएको स्थानमा नै कायम हुने गरी (हाल सिद्धिचरण नगरपालिकाको कार्यालय संचालन भईरहेको स्थान सि.न.पा. १२ साप्ताहिक हाट लाग्ने माथि) गठन आदेशमा नै उल्लेख भएको हुँदा स्थानीय तहको पुनर्संरचना अनुसार आवश्यक कार्यालय व्यवस्थापनको लागि हाल नगरपालिकाको कार्यालय संचालन भइरहको भवन भन्दा पूर्वतर्फ रहेको सगरमाथा प्राथमिक विद्यालयको नाममा रहेको पुरानो भवन रहेको स्थान सगरमाथा प्राथमिक विद्यलाय मर्ज भई खाली अवस्थामा रहेको हुँदा उक्त विद्यालयको नाममा रहेको जग्गा सिद्धिचरण नगरपालिकाको नाममा ल्याउन आवश्यक प्रकृया अगाडि बढाई जग्गा प्राप्त भएपछि यस सिद्धिचरण नगरपालिकाको कार्यालय भवन बनाउने प्रकृया अगाडि बढाउने र पहिलो चरणको भवन निर्माण र कार्यालय व्यवस्थापनको लागि रु.१५,००,००,०००।- (अक्षेरुपी पन्ध करोड) उपलब्ध गराई दिन प्रदेश नं. १ को प्रदेश सरकार र संघीय सरकारसँग माग गरी पठाउने ।

२२. साविक ज्यामिरे गाउँ विकास समितिको स्वास्थ्य चौकी भवन नयाँ भवन बनि स्वास्थ्य चौकी सरिसेकेको हुँदा पुरानो स्वास्थ्य चौकी भवनमा वडा नं. ९ को वडा कार्यालय संचालन गर्ने र उक्त भवनको हक हस्तान्तरण नगरपालिकामा सार्न सम्बन्धित निकाय मार्फत प्रकृया अगाडि बढाउने समेत निर्णय गरियो ।

२३. यस नगरपालिकाको वडा नं.२ स्थित साविक ठूलाछाप गाउँ पञ्चालयतको नाममा रहेको कि.नं. ५०४ को जग्गा हिमालय माध्यमिक विद्यालय निशंखेको विद्यालय परिसरभित्र रहेको हुँदा उक्त जग्गा हिमालय माध्यमिक विद्यालयलाई हस्तान्तरण गर्न सम्बन्धित निकाय मार्फत आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२४. मिति २०७५।०३।१३ मा प्रदेश नं. का माननीय सांसद श्री अमिरबाबु गुरुङले नगर सभालाई संबोधन गर्नु भएकोमा उहाँलाई धन्यवाद दिने प्रस्ताव पारित गरियो ।

२५. मिति २०७५।०३।१९ गतेका दिन प्रदेश नं. १ का माननीय मुख्य मन्त्री श्री शेरधन राई तथा माननीय सामाजिक विकास मन्त्री श्री जिवन घिमिरे, संघीय सांसद श्री यज्ञराज सुनुवार र प्रदेश नं. १ का सांसद श्री हिमशिखर खड्काले नगर सभालाई संबोधन गर्नु भएकोमा उहाँहरुलाई धन्यवाद दिने प्रस्ताव पारित गर्ने  निर्णय गरियो ।

२६. यस सिद्धिचरण नगरपालिका र स्वीस सहयोग नियोग बीच भएको सम्झौता अनुसार जिल्ला समन्वय समिति माथिको पहिरो नियन्त्रण गर्नका लागि यस नगरपालिकाबाट रु.पन्ध्र लाख बराबरको रड उपलब्ध गराउने भन्ने सम्झौता भएअनुसार उक्त रड उपलब्ध गराउन नियमानुसार प्रकृया अगाडि बढाउन नगर कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

२७. सिद्धिचरण नगरपालिका वडा नं. १ तलुवाले आर्थिक वर्ष ०७४।०७५ मा विनियोजन गरेको रकम शीर्षक मध्ये विद्युत विस्तारका लागि रु.दुई लाख छुट्याईएकोमा विद्युत विस्तार गर्नका लागि विद्युत प्राधिकरण रुम्जाटारको बैंक खाता नं. B७४१०५१२७०८५२४० मा विद्युत पोल खरिदको लागि नियमानुसार रकम खातामा जम्मा गरिदिने निर्णय गरियो ।

२८. यस नगरपालिकाको विकास कार्य एवं सुशासनका कार्यक्रम संचालन गर्नका लागि स्वीस सरकारसँग प्रस्ताव सहित अनुरोध गर्ने ।

२९. यस नगरपालिका विभिन्न स्थानबाट एवं वडा कार्यालयबाट माग भई आएका निम्न अनुसारका झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने ।

क) सिद्धिचरण नगरपालिका वडा नं. ९ सुसुरमा र वडा नं. १० रुप्से जोड्ने अधेरी खोला झोलुङ्गे पुल ।

ख) नलिडाँडा बाझे जोड्ने फोक्टेखोला झोलुङ्गे पुल, सिद्धिचरण नगरपालिका वडा नं. ६ ।

ग) जन्तरखानी खोलाघारी ठूलो खोला झोलुङ्गे पुल, सिद्धिचरण नगरपालिका वडा नं. ६ ।

घ) साविक तलुवा ५ बतासे दुधकोशी झोलुङ्गे पुल सिद्धिचरण नगरपालिका वडा नं. १ ।

ङ) साविक तलुवा ९ नाल्सु खोला झोलुङ्गे पुल सिद्धिचरण नगरपालिका वडा नं. १ ।

च) सिद्धिचरण नगरपालिका वडा नं. ९ दोभानबाट मोलुङ्ग गाउँपालिका वडा नं. १ को कपासे जोड्ने झोलुङ्गे पुल सिद्धिचरण नगरपालिका वडा नं. ९ ।

३०. यस नगरपालिका विभिन्न स्थानबाट एवं वडा कार्यालयबाट माग भई आएका निम्न अनुसारका मोटरेवल पुल निर्माण गर्नका लागि सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने ।

क) सिद्धिचरण नगरपालिका वडा नं. १० पारादोभान र सुनकोशी पारा खण्डको मोलुङ्ग खोला पक्की पुल ।

ख) मैदाने नलिडाँडा जोड्ने बाफ्रेखोला मोटरेवल पुल, सिद्धिचरण नगरपालिका वडा नं. ६ ।

ग) चार्खु-निशंखे मोटरेवल पुल, सिद्धिचरण नगरपालिका वडा नं. ४ ।

घ) चार्खु तिलङ्गे-चिशंखुगढी जोड्ने मोटरेवल पुल, सिद्धिचरण नगरपालिका वडा नं. ४ ।

ङ) लिपेखोला सि.न.पा.वडा नं. ९ र मोलुङ्ग गाउँपालिका बीच जोड्ने मोटरेवल पुल ।

च) अँधेरी खोला सि.न.पा. वडा नं. ९ र १० बीच जोड्ने मोटरेवल पुल ।

छ) उपरोक्त मोटरेवल पुलको लागि स्थलगत सर्वे  गर्ने व्यवस्थापनको लागि आवश्यक परे रु.१,००,०००।- (एक लाख) नगरपालिका कोषबाट खर्च गरिनेछ ।

३१. हाट बजारबाट उठेको हाट बजार कर छुट्टै खाता खोली व्यवस्थापन गरिनेछ ।

३२. पूँजीगत शीर्षकबाट खर्च लेखिने जुनसुकै विकास सम्बन्धी कार्यको २% मर्मत सम्भार कोष कट्टा गरी रकम भुक्तानी दिईने छ ।

३३. नगरपालिका बाट विनियोजन गरेको रकम खर्च नभई बचत भएमा वा नगरपालिकाको आम्दानी रकम बढी भएमा सो रकमबाट योग भवन निर्माण गर्न खर्च गरिनेछ ।